# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १७ गते २०३४ साल


श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७ को उप-नियम ८ (१) को खण्ड (ङ) को प्रयोजनको लागि श्री ५ को सरकारले देहायका उपकरणको लागि देहायमा तोकिएको हदसम्मको रकम नियमानुसार पाउन सक्ने व्यवस्था गरेकोले यो आदेश जारी गरेको छ ।

सबै पदाधिकारीको लागि

१) पावर ग्लास भएको चश्मा एकको रू. ८०।– सम्म एक पटकमा
२) हेरिङएड एकको रू. ८००।– सम्म एक पटकमा
३) दाँत एकको रू. २५।– र बढीमा रू. ४००।– सम्म (नोकरी अवधिभरमा)

द्रष्टव्यः– नोकरीको अवधिभरमा औषधोपचार बापत नियमानुसार पाउने रकमको अन्तर्गतमा रही चश्मा ४ पटक र हेरिङएड २ पटकसम्म लिन सकिनेछ ।

आज्ञाले–

**नरकान्त अधिकारी**

**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३०